"For Nepali, By Nepali"
गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, कतार
Non-Resident Nepali Association, National Coordination Council, Qatar
Estd: 2003

मिति : २४ अप्रिल, २०२१

## पञ्जिकृत सदस्यता आवेदन दिने सम्बन्धि सूचना

गैरआवासीय नेपाल संघ, राष्ट्रिय समन्वय परिषद, कतारको दशौं संसोधित विधान बमोजिम मिति २३ अप्रिल २०२१ मा सम्पन्न भएको तेश्रो तथा अन्तिम राष्ट्रिय परिषद् भेला मार्फत आगामी कार्यकाल २०२१-२३ का लागि पंजिकृत सदस्यता नविकरण तथा नया सदस्यताका लागि आवेदन मिति २५ अप्रिल २०२१ बिहान १०:३० बजे देखि खुल्ला गरिएकोले यहाँहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। कतारमा कार्यरत सम्पूर्ण गैरआवासीय नेपालीहरुलाई सदस्यता आवेदनको लागि आह्वान गर्दै अनलाईन सिस्टम मार्फत आवेदन दिनका लागि सूचित गरिन्छ।

## तपसिल

क) आवेदन अनिवार्य https://members.nrna.org/signup मा लिङक गरिएको फर्म मार्फत भर्नु पर्नेछ। यसरी भरिएको आवेदन आइसीसीको MIS प्रणालीमा हुने भएकोले परिवर्तन नहुने हुदा सहि विवरण भर्नु पर्नेछ।

ख) आवेदन फर्म भर्दा ईमेल, मोवाईल नम्बर, ठेगाना अनिवार्य छ। आवेदन प्राप्त भएको, स्विकृत वा अस्विकृत भएको लगायतका सबै जानकारी सोही इमेलमा वा मोवाईल नम्बरमा प्राप्त हुनेछ। साथमा फर्म भर्दा उल्लेख गरिएको पासवर्ड सदस्य स्वयंले सुरक्षित राख्नु पर्नेछ।

ग) आवेदकले पासपोर्ट साईजको फोटो, पासपोर्ट र बैद्य कतारी आईडीको प्रतिलिपि नत्थि गर्नु पर्नेछ।

## आवेदकले अनिवार्य नत्थी गर्नु पर्ने कागजातहरु

- पासपोर्ट साईजको फोटो
- पासपोर्टको प्रतिलिपी
- हालको कतारि आइडिको प्रतिलिपी
- कतार प्रवेश गरेकेको २ बर्ष पुरा भएको प्रमाणित कागजात (कतार प्रबेश गरेको मितिको कपी वा २ बर्ष वा सो भन्दा माथीको पुरानो कतारको आईडी वा २ बर्ष पुरानो कतारको सवारी चालकको अनुमति कार्ड वा २ बर्ष पुरानो कतारको हेल्थकार्डको कपी वा एनआरएनएको पुरानो आईडी कार्डको प्रतिलिपी)

घ) फर्ममा माथि उल्लेखित विवरणहरु अनिवार्य भर्नु पर्नेछ। अन्यथा फर्म स्विकृत हुनेछैन।

ङ) आवेदन स्वीकृत भए पश्चात आवेदकले सदस्यता शुल्क कतारी रियाल ३५/- भुक्तानि गर्नु पर्नेछ।

च) आवेदन अन्तिम मितिः २८ मे, २०२१ सुक्रबार राती ११:५९ बजे सम्म खुल्ला रहनेछ।

भवदिय

पदम गिरी
महासचिब
गैरआवासीय नेपाल संघ, राष्ट्रिय समन्वय परिषद, कतार